# तुलसीपुर नगर विकास समितिको
## कार्यालय, तुलसीपुर, दाङ ।

## शिलबन्दी दरभाउ पत्र/वोलपत्र द्वारा घडेरी विक्रिको सूचना

सूचना नं: Tulsipur_TDC/Dang ०१ - ०७८/ ०७९

**प्रथम पटक प्रकाशित मिति २०७८।१२।१४**

यस तुलसीपुर नगर विकास समिति अन्तर्गत दोघरे जग्गा एकिकरण कार्यक्रम **(Land pooling program)** भित्रको (साविक तुलसीपुर ५ ख , ५ ग र ८ क) नक्शामा उल्लेखित तपसिल वमोजिमका घडेरीहरु विक्रि गरिने भएकाले इच्छुक नेपाली नागरिकले आफुले खरिद गर्न चाहेको प्लट नं., मुल्य (अंक र अक्षरमा) तोकिएको फाराममा प्रष्ट उल्लेख गरी उल्लेखित म्याद भित्र शिलवन्दी दरभाउ पत्र/वोलपत्र पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१. यो सूचना प्रथम पटक गोरक्ष राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले ३० औं दिन भित्र कार्यालय समयमा आवेदन फाराम खरिद गर्न र ३१ औं दिन १२:०० वजे भित्रमा दर्ता गराई सक्नु पर्नेछ ।

२. आवेदन फाराम तुलसीपुर नगर बिकास समितिको कार्यालयमा दर्ता गराउन पर्नेछ । वोलपत्र विक्रि गर्ने र दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा उपरोक्त अनुसारका कार्यहरु हुनेछन ।

३. आवेदन फारमको साथ नेपाली नागरिकताको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

४. आफुले कवोल गरेको मूल्य (अंक र अक्षरमा) प्रष्टसँग लेख्नुपर्नेछ, अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । प्रत्येक घडेरीको लागी अलग-अलग फाराम खरिद गरी दाखिला गर्नु पर्ने छ । घडेरीको प्लट नं. उल्लेख नगरेकोलाई मान्यता दिईनेछैन.।

५. आवेदनकर्ताले घडेरीको मूल्य कबोल गर्दा तोकिएको न्यूनतम मूल्यमा नघट्ने गरी घडेरीको मूल्य उल्लेख गर्नु पर्ने छ । २ वा २ भन्दा वढी आवेदन कर्ताहरुले एक आपसमा मिलेमतो गरी वोलपत्र पेश गरेको समितिलाई लागेमा त्यस्तो वोलपत्रले मान्यता पाउने छैन ।

६. वोलपत्र खोल्ने मिति ३१ औं दिन २:०० वजे कार्यालयका प्रतिनिधिहरुको रोहवर तथा वोलपत्र दाताहरुको उपस्थितीमा खोलिने छ निजको (वोलपत्र दाता) उपस्थिती नभए पनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

७. शिलबन्दी वोलपत्रमा वोलपत्र दाताले कबोल गरेको रकम बराबर भएमा गोला प्रथाद्धारा छुट्याइनेछ ।

८. शिलबन्दी वोलपत्र फाराम साथ आफुले लिन चाहेको प्रत्येक घडेरीको लागी कबोल गरेको अंकको कम्तिमा १०.०० % (दश प्रतिशत) रकम यस समिति कार्यालयको रा.वा. वैक तुलसीपुर शाखाामा रहेको च.हि.न.४१६०००२३३८०१ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।

९. रकम जम्मा गरेको भौचर पछाडी वोलपत्र दाताको नाम, ठेगाना साथै सर्म्पक नम्वर उल्लेख गर्नु पर्नेछ ।

१०. आफुले कवोल गरेको अंकमा स्विकृत भएको घडेरी नलिएमा धरौटी वापतको रकम फिर्ता गरिने छैन ।

११. घडेरी स्वीकृत भएको ४(चार) महिना भित्र दुई किस्तामा रकम वुझाइ सक्नु पर्ने छ । स्वीकृत भएको मितिले दुई महिना भित्र ४० %(चालिस प्रतिशत) रकम र बाँकी ६०%(साठ्ठी प्रतिशत) रकम थप दुई महिना भित्र चुक्ता गरी सक्नु पर्ने छ । धरौटी वापत जम्मा हुन आएको रकम अन्तिम किस्तामा मिलान गरिने छ । अन्यथा घडेरी प्रदान/विक्रि गरिने छैन ।

१२. समितिबाट प्राप्त घडेरीहरु मापदण्ड विपरित वा समितिको पूर्व स्विकृति बिना टुक्रा वा कित्ताकाट गर्न पाइने छैन र भवन निर्माण गर्दा उपमहानगरपालिका/नगर विकास समिति संग आवश्यक समन्वय गरी मापदण्ड अनुसार निर्माण गर्नु पर्ने छ ।

१३. रीत नपुगेको र म्याद नाघी आएको आवेदन फारामलाई मान्यता दिइने छैन ।

१४. घडेरीको नक्शा, भवन निर्माण मापदण्ड तथा घडेरी सम्बन्धी अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ । फोन मार्फत जानकारी लिन चाहेमा समितिको ल्याण्डलाइन ०८२-५२१२४४ मा सम्पर्क राख्न सकिने छ ।

१५. पेश भएका आवेदन फराम स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार समितिमा निहीत हुनेछ । समितिको निर्णय नै अन्तिम हुनेछ ।

१६. घडेरी प्राप्त गर्ने व्यक्तिले घडेरी वापतको रकम( प्रथम र अन्तिम किस्ता) तोकिएको अवधीसम्म नवुझाएमा धरौटी नगद जम्मा गरेको रकम जफत गरी घडेरी समिति कै नाममा राखिनेछ र नियमानुसार कार्वाही प्रकृया अगाडी वढाईनेछ। सो सम्वन्धमा आवेदकको उजुरी लाग्ने छैन।

१७. शिलवन्दी दरभाउ पत्र/वोलपत्र फाराम भित्र धरौटी वापतको रकम नगद राख्न पाइने छैन। नगद राखिएको पाइएमा आवेदन स्वत: रद्द भएको मानिने छ।

१८. यसमा उल्लेखित शर्तहरु अतिरिक्त अन्य कुराहरु प्रचलित कानून अनुसार हुने छ।

## घडेरीको विवरण

| सि. नं. | सडकको चौडाई | प्लट नं. | मोहडा | लम्वाई | क्षेत्रफल |  | न्यूनतम मुल्य | आवेदन फाराम ( फिर्ता नहुने गरी) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  | व.मी. | ज.मी. |  |  |  |
| १) | ८.०० मी. | ८५ | २२.५० मी. | ६.०० मी. | १५०.०० व.मी. | ०-०-८.८६ | ४२,९७,५००.०० | दक्षिण तर्फ |  |
| २) | ८.०० मी. | १३८ | २८.०० मी. | ९.०० मी. | २५२.०० व.मी. | ०-०-१४.८८ | ८१,००,०००.०० | पुरै |  |
| ३) | ८.०० मी. | २५१ | उ. २०.५० मी. र द. ८.०० मी. | पू. १५.५० मी. र प. २६.०० मी. | २१२.५० व.मी. | ०-०-१२.५५ | ६२,९२,०००.०० | पुरै |  |
| ४) | ८.०० मी. | २५७ | उ. १९.०० मी. र द. १६.५० मी.. | पू. ४.५० मी. र प.+द. ६.०० मी. + ७.५०. मीं. | १५६.७५ व.मी. | ०-०-९.२५ | ४०,००,०००.०० | पुरै |  |
| ५) | ८.०० मी. | ३३६ | २२.५० मी. | ९.०० मी. | २०२.५० व.मी. | ०-०-११.९६ | ७७,३५,०००.०० | पुरै |  |
| ६) | ८.०० मी. | ५०१ | २२.५० मी. | ९.०० मी. | २०२.५० व.मी. | ०-०-११.९६ | ७३,०५,०००.०० | पुरै |  |
| ७) | ८.०० मी. | ७२२ | २०.०० मी. | ६.०० मी. | १२०.०० व.मी. | ०-०-७.०९ | ३६,२९,०००.०० | पूर्व तर्फ |  |
| ८) | ८.०० मी. | ७२२ र ७२३ | २०.०० मी. | ६.०० मी. | १२०.०० व.मी. | ०-०-७.०९ | ३६,२९,०००.०० | विच. |  |
| ९) | ८.०० मी. | ७२३ | २०.०० मी. | ६.०० मी. | १२०.०० व.मी. | ०-०-७.०९ | ३६,२९,०००.०० | पश्चिम तर्फ |  |

सदस्य सचिव

सदस्य सचिव